# नलेखिएको इतिहास

-रणेन्द्र बराली

भूगर्भभित्र अनगिन्ति धातुहरू छन् । सुनचाँदी, हिरामोती, माणिक, पन्ना, निलम आदि रत्नलाई मानिसले धर्ती फोरेर निकालेर जब शोधन गरे; तब न ती वस्तुहरूका गुण र शक्तिको महत्त्व प्रदर्शित भयो । तेस्तै हाम्रो समाजमा लुकेका थुप्रै प्रतिभाशाली देशभक्त मुक्तिकामी ऐतिहासिक वीर सपुतहरू छन् । महान योद्धाहरू छन् । जसको इतिहास गुमनाम भएर बसेको छ ।

भनिन्छ "हलेदो भनेर चिन्न पनि त कोट्याउनु पर्दछ ।" यदि त्यसरी कोट्याउने कार्य नभएको हुँदो हो त आज नेपालको दलित आन्दोलनका प्रथम संगठक सर्वजित विश्वकर्मालाई दलित संघर्षका युग पुरुषको रूपमा पाइने थिएन । रूपलाल विश्वकर्माको प्रेरणा र थुप्रै सहकर्मीहरूको सहयोगमा उनले गरेका संघर्षको गाथा उजागर गरिएको हुनाले आज उनलाई प्रेरणाको स्रोत मान्न र दलित आन्दोलनको शोधको विषय बनाउन पाइएको छ ।

समुद्रभित्र लुकेर बसेको मोतीलाई निकाल्नु जस्तै हो योद्धा लप्टन लालबहादुर परियारको विद्रोहको इतिहास लेखनको

प्रयास । यदि ऐन मौकामा नै लप्टन लालबहादुरले गरेका क्रान्तिकारी कार्यहरू लिपीवद्ध भएर जनसमक्ष आएको हुन्थ्यो भने एउटा दलितको छोरोले गरेका अकल्पनीय पराक्रमले यतिबेला सबैमा उर्जा प्रदान गरिरहेको हुन्थ्यो ।

उनीलाई फाँसीको सजायतोकिदा समेत डराएनन्, माफी मागेनन् । उनले राणा शासन विरोधी ससस्त्र युद्धमा भौतिक रूपले नै अग्रमोर्चामा रहेर बाइस घण्टा सिंहदरबार कब्जा गर्ने जस्ता साहासिक लडाईं लडेका थिए । सातसालको क्रान्तिपछि आफू बडाहाकिम भएर पनि जातीय अपमान सहन नसकि पद नै त्यागेर जातीय मुक्ति आन्दोलनमा आजीवन होमिने प्रतिज्ञा गरेका थिए । तत्कालिन त्रिपक्षीय (राजा, राणा र कांग्रेस) सरकारबाट राजनीतिक पीडितको नाताले तराईमा रोजेको ठाउँमा चाहेजति जग्गा एवं धनसम्पत्ति दिने सरकारी आस्वासनलाई अस्वीकार गरेर दिल्ली संझौत्ताको विरोधमा लागेका थिए । यस्ता अनेकौं आरोह अवरोहका संघर्षलाई समयमा नै सार्वजनिक गर्नपर्ने थियो । यदि भीमदत्त पन्त, एकदेव आले, डा.के.आइ. सिंहरूका जसरी नै उनको संघर्षको गाथा पनि मौकैमा कोरिएको भए आज कतै उनका सालिक बन्दो हो, कतै हुलाक टिकट बन्दो हो, कतै उनका नामका सडक, स्कूल, अस्पताल बन्दाहुन् । यसैगरी कतै चलचित्र बन्दो हो, कतै दलित आन्दोलनको सोधपत्रको विषय ।

रोमका आदि विद्रोही स्पार्टाकसको जीवन कहानी इटालियन लेखक राफाएलोले खोज गरेर नलेखिदिएको भए उनलाई दाश मुक्ति आन्दोलनका उत्प्रेरकको रूपमा संसारले कसरी चिन्थ्यो र ? स्वेत साहित्यकारहरूले इतिहास

नकोट्याइदिएको भए अस्वेत आन्दोलनका योद्धा मार्टिन लुथरकिङ, रोजा पार्क्स जस्ता योद्धाहरूलाई कसरी पढ्न पाइन्थ्यो र । भारतका विभिन्न लेखकहरूले उल्लेख नगरी दिएको भए आज डा. भिमराव अम्बेडकरलाई कसरी आत्मसात गर्न पाइने थियो र ? तर नेपाली क्रान्तिका योद्धा लप्टन लालबहादुर परियारको जीवन कथा भने अहिलेसम्म गुमनाम नै रह्यो । बत्ती मुनिको अँध्यारो जस्तै भयो मेरो लागि लप्टन लालबहादुरको जीवनी लेखन कार्य । पटक-पटकको जमर्कोका बावजुत मेलो मेट्न नपाएको बारीमा थोरै भएपनि अहिले हलो घिसार्न लागेको छु । मलाई थाहा छ यसमा थुप्रै डाँफा बस्नेछन् । तर पनि बाझो मारी सकेपछि चास्ने र दाँते चलाउने बाँकी काम भावी पिँडीले उत्खन् गर्नेछन् भन्ने अपेक्षाकासाथ पाठक सामु पस्किएको छु ।

जीवनी लेख्ने भन्ने कुरा सहज छैन । कथा, उपन्यास जस्तो जोडजाड गर्नेकुरा पनि भएन । जीवन र जगतलाई जस्ताको तस्तै सप्रमाण राख्नुपर्ने हुन्छ । घटनाक्रमको खोज र आधारहरू यथार्थ रूपमा उजागर गर्न पर्ने हुन्छ । सहयात्रीहरूसँगका सहकार्यको गतिविधि समेट्नु पर्ने आदि कार्य गर्न सजिलो हुने कुरै भएन । तथापि चितवन शारदानगर बस्ने माहिली श्रीमति र कान्छो छोरा वीरबहादुर परियार, हाल काठमाण्डौं गंगवुमा बस्ने लप्टन लालबहादुरकी छोरी शुसिला परियार, चितवन रोदीगाउँमा भएका उनका भाई भतिजाहरू र स्याङ्जाली गाउँलेहरू एवम् नेपाली कांग्रेसका पुरान नेताहरू तथा साङ्गठनिक क्षेत्रमा सहकार्य गरेका कम्युनिस्ट पार्टी र दलित साङ्गठनका केही व्यक्ति व्यक्तित्वहरूसँगको थप